# 'भुन्टीको भविष्य' कथामा परिवेश

**नेत्र एटम**

सहप्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर

इमेल : atomnetra@gmail.com

Orcid ID : https:orcid.org/0009-006-6220-2427

DOI: https://doi.org/ 10.3126/prajna.v126i1.86353

**लेखसार**

*प्रस्तुत लेखमा मनु ब्राजाकीको 'भुन्टीको भविष्य' कथालाई पात्रको कार्यपीठिकाका रूपमा रहेको परिवेशको विश्लेषणमा समय, स्थान र मानवीय सम्बन्धका पृथक् आयामहरूको मूल्याङ्कन गरेर उक्त कथामा परिवेश प्रस्तुतिको निरूपण गरिएको छ । 'भुन्टीको भविष्य' कथामा आएका घटनाशृङ्खला, पात्रहरूको क्रियाकलाप र चिन्तन तथा विचारधारासित जोडिएर यसको परिवेशले भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक पहिचानको सूक्ष्म अवलोकन गर्दै स्थानीयतालाई नेपालव्यापी कार्यपीठिका बनाएको सन्दर्भ स्थापित गर्नु यस लेखको उद्देश्य हो । यसमा परिवेशका आयामहरूका आधारमा 'भुन्टीको भविष्य' कथाको अध्ययनका निम्ति म्याक्की (सन् १९९७) का आधारभूत मान्यतालाई सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरी गुणात्मक शोधअन्तर्गत उक्त कथाको पाठगत विश्लेषण गरिएको छ । यस क्रममा कालावधि, अन्तराल, अवस्थिति र द्वन्द्वको तह गरी चारओटा उपकरणलाई परिवेशका आयामको मूल्याङ्कनको आधार बनाइएको छ । यस लेखमा कथानकलाई गति दिई घटनाको पृष्ठभूमि, पात्रका क्रियाकलाप र चिन्तन, सामाजिक-सांस्कृतिक अभिव्यक्ति आदिका साक्ष्यका आधारमा परिवेशका उपर्युक्त चार आयामको खोजी गर्दै 'भुन्टीको भविष्य कथामा २०४० सालको दशकमा नेपालको तराईको चुरेनिकट क्षेत्रमा बसोबास गरेका गरिब सुकुम्वासीहरूप्रति सरकारी पक्षबाट भएको ज्यादतीको सङ्क्षिप्त अन्तरालमा बिम्बमय चित्रण गरी सांस्कृतिक र मानवीय मूल्यको विघटनका कारण भविष्यमा वर्गीय द्वन्द्वको सिर्जना हुने वातावरणको सङ्केत रहेको छ भन्ने निष्कर्ष निकालिएको छ । यसले गर्दा मनु ब्राजाकीको 'भुन्टीको भविष्य' कथाको परिवेशले समसामयिक र यथार्थ आर्थिक समस्यामा आधारित भई पाठकमा समाख्याता तथा पात्रहरूको कार्य र सोचलाई जीवन्त एवम् संवेदनशील ढङ्गले प्रक्षेपण गर्न सफल भएको पुष्टि हुन्छ ।*

**शब्दकुञ्जी** : अन्तराल, अवस्थिति, कालावधि, द्वन्द्वको तह, भूदृश्य, स्थान ।

## विषयपरिचय

प्रस्तुत अध्ययनको विषय मनु ब्राजाकीको 'भुन्टीको भविष्य' कथामा प्रयुक्त परिवेशको विश्लेषण र मूल्याङ्कन रहेको छ । कथामा परिवेश (सेटिङ) भन्नाले सामान्यतया कथाका घटनाहरूमा अभिव्यक्त समय, स्थान र वातावरणलाई बुझाउँछ । कथाकारले पाठकलाई भौगोलिक अवस्थिति वा काल्पनिक संसारको कुनै अभीष्ट समयावधिमा पुऱ्याउन र त्यसको आभास दिलाउन परिवेशको प्रयोग गर्छन् । यसले कथाका क्रियाकलापका निम्ति पृष्ठभूमिको काम गर्छ र पात्रको मनस्थितिको परिचय पनि दिन्छ । कथामा प्रयुक्त परिवेशमा स्थान, समय, ऐतिहासिक सन्दर्भ, ऐन्द्रिक अनुभूतिको विस्तृत वर्णन, पाठकीय मनस्थिति आदि पक्षहरू समावेश हुन्छन् । परिवेशको सम्बन्ध कथानकका घटना, पात्रको कार्य र सोच तथा भाषासँग पनि हुन्छ । मनु ब्राजाकी (१९९९–२०७४) कथामा परिवेशलाई सघन बनाएर कथातत्त्वसँग अन्वित गरी प्रस्तुत गर्ने कथाकारमा पर्छन् । उनी नेपाली साहित्यका क्षेत्रमा यथार्थवादी धाराका प्रयोगशील कथाकार हुन् । उनका *अवमूल्यन* (२०३८), *आकाशको फल* (२०४२), *तिम्री स्वास्नी र म* (२०४६), *भविष्य यात्रा* (२०५२), *पारदर्शी मान्छे* (२०६०), *अन्नपूर्णको भोज* (२०७०) र *जनजीवनका जीवनगाथा* (२०७३) गरी सातओटा कथासङ्ग्रह प्रकाशित छन् । उनको 'भुन्टीको भविष्य' कथा *भविष्य यात्रा* कथासङ्ग्रहमा सङ्कलन गरिएको छ । त्यसमा तराईको गाउँको स्थानीय भाषा र पात्रको कमजोर चिन्तन तथा सुकुम्वासी समस्याको उद्घाटन गरिएको हुँदा परिवेशले पात्र, घटना, सारवस्तु र दृष्टिविन्दुलाई प्रस्ट पारेको छ । कुमारप्रसाद कोइराला (२०५८) ले 'भुन्टीको भविष्य' कथालाई वन डढ्नुलाई देश डढ्नुसित जोडेर गरिबको भविष्य नरहेको सार प्रस्तुत गरे पनि परिवेशको स्पष्ट चित्र त्यसमा पाइन्न । त्रिभुवन बरई (सन् २०२३) ले 'भुन्टीको भविष्य कथामा सीमान्तीयता' शीर्षकको अनुसन्धानात्मक लेखमा 'भुन्टीको भविष्य' कथालाई सीमान्तीय पात्रको अधीनस्थताका आधारमा हेरेकाले त्यसको पृष्ठभूमिमा स्थानीय बसका यात्रु र कन्डक्टरको अन्तरक्रिया तथा गाउँको रित्तो परिवेश पनि ल्याएका छन् तर यो परिवेशको विश्लेषणमा भने केन्द्रित छैन । त्यसैले 'भुन्टीको भविष्य' कथामा परिवेशको प्रयोग तथा त्यसको औचित्यका बारेमा हुनुपर्ने अध्ययन चाहिँ रिक्त नै देखिन्छ । मनु ब्राजाकीले प्रजातन्त्र कालको सत्ता पनि गरिबका निम्ति अस्तित्वहीन छ भन्ने कुरा देखाएर यो कथा सिर्जना गरेका छन् । अतः 'भुन्टीको भविष्य' कथामा परिवेशको आयाम भनिने स्थान र समयका बाह्य एवम् अन्तरिक पक्षहरू कुन सन्दर्भमा केन्द्रित र कसरी उद्घाटित छन् भन्ने प्राज्ञिक जिज्ञासा सिर्जना भएको छ । यिनै जिज्ञासाको समाधानका निम्ति प्रस्तुत अध्ययन 'भुन्टीको भविष्यमा प्रयुक्त परिवेश प्रकटीकरणका विभिन्न पक्ष पहिल्याई तिनका आधारमा पात्र, घटना, सारवस्तु, दृष्टिविन्दु र भाषाको अन्तरक्रियाबाट उक्त कथाको मूल्याङ्कन गर्ने उद्देश्य रहेको छ ।

## अध्ययनको विधि

प्रस्तुत अनुसन्धानमा मनु ब्राजाकीको 'भुन्टीको भविष्य' कथामा प्रयुक्त परिवेशका आयामको मूल्याङ्कन गर्नका निम्ति निर्धारित उद्देश्यहरू पूरा गर्न पुस्तकालय कार्यबाट उक्त कथामा सिर्जित आन्तरिक तथा बाह्य स्थान एवम् समयसम्बन्धी भूदृश्य, मानवीय अन्तरक्रिया, सांस्कृतिक वातावरण, प्राकृतिक र मानसिक अवस्थाको चित्रण आदिका तथ्याङ्कलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्याङ्कको विश्लेषण र

मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका निम्ति विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ। उपर्युक्त दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी 'भुन्टीको भविष्य' कथामा शाब्दिक र अवधारणात्मक अवस्थाहरूको उद्घाटन गर्न परिवेश विश्लेषणको एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ र पाठविश्लेषणबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई अर्थापन गरिएको छ ।

**सैद्धान्तिक आधार**

परिवेश भनेको समय र स्थानको पाठपरक प्रभाव हो । वास्तविक वा स्वैरकल्पनात्मक जुनै भए पनि कथामा परिवेशको सिर्जना शब्दबाटै हुने हो । त्यसैले यसलाई निश्चित देशकालको आख्यानात्मक संवेदनाका रूपमा लिइन्छ । कथाको क्षितिज उपन्यासका तुलनामा सानो हुने हुनाले यसमा प्रयुक्त परिवेश पनि सीमित हुन्छ । यही सीमामा कथाले पाठकका निम्ति एउटा भिन्न संसार सिर्जना गरेको हुन्छ । त्यसैले कथालाई बुझ्नु भनेको यसको परिवेशको तहमा अन्तर्दृष्टिसहित प्रवेश गर्नु हो (म्याकी, सन् १९९७, पृ. ६८) । कथामा आएका परिवेशका प्रकृति भिन्न भिन्न हुन्छन् र तिनलाई भौतिक, सामाजिक, ऐतिहासिक एवम् मनोवैज्ञानिक रूपबाट हेर्न सकिन्छ। यसका आधारमा परिवेशको सम्बन्ध पात्रको कार्यव्यापार हुने स्थानको भूगोल तथा पात्रको समाज, इतिहास र मनोविज्ञानसित जोडिन पुग्छ । परिवेशलाई कथाको कथानकमा आउने पात्रहरूको क्रियाकलापको कार्यपीठिकाका रूपमा परिभाषित गर्दै दयाराम श्रेष्ठले परिवेशका विभिन्न आयामलाई यसरी स्पष्ट पारेका छन् :

> कथानकमा पात्रहरू कुनै स्थान र समयसँग आबद्ध भएर नै आफ्ना गतिविधिहरू सम्पन्न गर्दछन् । आफू बसेको घर वा डेरा होस् कि घरबाहिर कुनै ठाउँविशेष नै किन नहोस्, पात्रले आफूलाई उभ्याएर कसैसँग संवाद गर्छ वा अन्तरक्रिया गर्छ अथवा आफ्नै मनोलोकभित्र पसेर अनेक कल्पना गर्छ वा मनोवाद गर्छ वा अन्तर्द्वन्द्वको भुमरीमा पर्छ भने ती सबै कथानकमा कार्यपीठिका हुन्छन् । (श्रेष्ठ, २०७९, पृ. ५१)

उपर्युक्त कथनले कथाको परिवेशको आयाम मूलतः कथानकमा सक्रिय भएर आउने पात्रकै आधार र क्रियाकलाप हो भन्ने तथ्य पुष्टि गरेको छ । अतः कथामा परिवेश भनेको निष्क्रिय तत्त्व होइन, पात्रको जीवनरेखा हो। उदाहरणका निम्ति स्थान भनेको ठेगाना मात्र होइन, पात्रको मनस्थिति, इतिहास र उसको वरिपरिका मान्छेले बाँचिरहेको जीवन पनि हो (मोर्ली, सन् २०१०, पृ. १७३) । परिवेशको उपयुक्त प्रयोग गरेर पात्र तथा कथानकलाई एकापसमा सम्बद्ध गरिन्छ र कथाको सारवस्तु घटनाहरूबाट पुष्टि हुन्छ । परिवेशले आवश्यक सन्दर्भ दिएर कथाको गहन अर्थ सिर्जना गर्छ । यसले कथाप्रति अभिरुचि बढाएर र पठनमा सक्रिय बनाएर पाठकमा भावनात्मक प्रतिक्रिया उत्पन्न गर्छ। परिवेशका रूपमा पात्रको मनोभाव, घटनाको समय र स्थानको वर्णनका कारण पाठकले कथालाई मानसिक दृश्यमा रूपान्तरण गर्छ र आनन्द लिन्छ। कथामा साहित्यिक विश्वसनीयता सिर्जना गर्ने र प्रतीकात्मक अर्थ दिने काम पनि परिवेशमा आउने स्थानबाट हुन्छ ( बराल, २०७९, पृ. १४०) । प्रभावकारी परिवेशले घटनाहरूलाई वास्तविक जस्तो अनुभूत गराउँदै कथाको प्रवाहलाई उचित गति दिन्छ । कथाका अङ्गसँग अभिन्न रूपमा जोडिएर आउने र अनेकौं तरिकाले क्रियाशील हुने हुँदा परिवेशलाई कथाको जीवित तत्त्व भनिएको हो ।

कथासंसारमा पात्र, पर्यावरण र घटनाको समन्वय हुन्छ । त्यसमध्ये पर्यावरणमा आधारित भई कथाको परिवेशसम्बन्धी विश्लेषण गर्दा असान्दर्भिक (इरिलेभेन्ट), कार्यमूलक (फङ्क्सनल), मानसिक (मेन्टल) र प्रतीकात्मक (सिम्बोलिक) गरी चार प्रकारका परिवेशको उल्लेख पनि भएको छ (रिबो, सन् २०२१, पृ. ३५) । यसले परिवेशलाई कृतिको अर्थसँग जोडेर मूल्य दिन्छ । म्याकी (सन् १९९७) ले चाहिँ कथामा प्रयुक्त परिवेशका निम्नलिखित चार आयामबारे विमर्श गरेका छन् : कालावधि (पेरिअड), अन्तराल (ड्युरेसन), अवस्थिति (लोकेसन), र द्वन्द्वको तह (लेभेल अफ कन्फ्लिक्ट) (पृ. ६८) । उपर्युक्त आयाममध्ये कालावधिले समयको एउटा आयामलाई प्रतिनिधित्व गर्छ जसमा समसामयिकता, ऐतिहासिकता वा सम्भावित भविष्यको अभिलेखन हुन्छ । अन्तराल पनि समयको अर्को आयाम हो जसमा कथाले समेटेको पात्रको जीवनकालको प्रतिनिधित्व गर्छ । यसलाई कथाको कथारेखाले स्पष्ट पारेको हुन्छ किनभने यो कथाले लिएको समय हो । अवस्थिति भनेको स्थानको आयाम हो जसमा स्थानिकतामा कथाको स्थान खोजिन्छ किनभने यसमा भौगोलिक र मानवनिर्मित भौतिक कुराहरू आउँछन् । द्वन्द्वको तहले मानवीय आयामको प्रतिनिधित्व गर्छ जसमा व्यक्तिलाई बाह्य तहमा वा आन्तरिक तहमा उद्घाटन गरिएको हुन्छ । यसमा समाजलाई आकार दिने राजनीतिक, आर्थिक, वैचारिक, जैविक र मनोवैज्ञानिक शक्तिहरूको भूमिका खोजिन्छ । अतः परिवेशका आयामको उपर्युक्त सैद्धान्तिक विमर्शबाट सहयोग लिएर प्रस्तुत लेखमा मनु ब्राजाकीको 'भुन्टीको भविष्य' कथामा परिवेश निरूपणका निम्ति निम्नलिखित चारओटा आधारसहितको एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ : (१) कालावधि, (२) अन्तराल, (३) अवस्थिति, र (४) द्वन्द्वको तह । यहाँ यिनै चार पक्षमा केन्द्रित रही स्थान, काल र मानवीय क्रियाकलापको सम्बन्ध देखाउँदै 'भुन्टीको भविष्य' कथामा प्रयुक्त परिवेशमा निहित विशिष्टताको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## विमर्श र नतिजा

मनु ब्राजाकीको 'भुन्टीको भविष्य' कथामा यथार्थवादी धरातल भएकाले यसको परिवेशचित्रणमा गहनता छ । यसमा आएको स्थान तराईको चुरे पहाडनिकट मोटरबाटो भएर जाने सुखवनी टोलको चित्र आएको हुँदा अनुभवी बालपात्रमार्फत सुकुम्वासी चेतना संवेदनशील बनेर आएको छ जसलाई कथयिताले अझै प्रस्ट पारेका छन् । बर्सौंदेखि रैतीका रूपमा रहेर सङ्घर्ष गर्दै पीडा भोगिरहेका अधिकांश गरिबहरू कतिसम्म असहाय र निमुखा बनेका छन् भन्ने कुरा ब्राजाकीले आफ्ना कथामा चित्रण गरेका छन् (श्रेष्ठ, २०७०, पृ. १६५) । अतः 'भुन्टीको भविष्य' कथामा परिवेशले तराईको अवस्थिति देखाउनुका साथै बस्तीबाट सुकुम्वासी गरिबहरू अनाहकमा लखेटिएकोमा देशको सत्ताप्रति नै संवेदनशील अन्तरक्रिया गरिएको छ । त्यसैले समाजशास्त्रीय वैज्ञानिक आधारमा दुई जात अर्थात् धनी र निर्धनको आँखाले हेरे पर्याप्त हुन्छ भनी ठान्ने ब्राजाकी आफ्ना कथामा तिनै दुई जातका क्रियाकलापको टिपोट प्रस्तुत गर्छन् (गौतम, २०५६, पृ. ६८) । 'भुन्टीको भविष्य' कथामा परिवेशका प्राकृतिक र मानवीय सन्दर्भका चारै पक्ष सघन रूपमा आएका छन् र तिनले प्रतीकात्मक अर्थसमेत हासिल गरेका छन् । यस लेखमा परिवेशका कालावधि, अन्तराल, अवस्थिति र द्वन्द्वका तहका आयामबाट 'भुन्टीको भविष्य' कथामा अभिव्यञ्जित परिवेशसम्बन्धी तथ्यलाई केन्द्रमा राखेर बुँदागत विमर्श गरिएको छ र त्यसैका आधारमा निष्कर्षसम्म पुगिएको छ ।

### कालावधि

भौतिक संसारको भूत, वर्तमान र भविष्यमा विभाजित समय नै कालावधि हो । ऐतिहासिक कथाको कालावधि अतीत, समसामयिक कथाको कालावधि वर्तमान र परिकल्पनाप्रधान कथाको कालावधि भविष्य हुन्छ । मनु ब्राजाकीको 'भुन्टीको भविष्य' कथाको कालावधि वर्तमान नेपालकै हो । त्यसले सङ्कुचित रूपमा २०४०-५० सालबिचको तराईको समयलाई सङ्केत गर्छ किनभने यसमा सुकुम्वासीको समस्या देखाइएको छ र यस कथाको प्रकाशन पहिलो पटक २०५२ सालमा *भविष्ययात्रा* कथासङ्ग्रहमा भएको पाइन्छ । २०४६ सालको जनआन्दोलनको समयलगत्तै तराईमा पहाडबाट झरेका सुकुम्वासीले जङ्गल फाँडेर बस्ती बसाल्ने तर सरकारले तिनीहरूलाई लखेट्ने, कुटपिट गर्ने, घरमा आगो लगाउने गरेको जानकारी पाइन्छ (सुवेदी, २०८०) । प्रस्तुत कथामा पनि सुकुम्वासीको प्रतिनिधि भुन्टीका माध्यमबाट प्राप्त सूचना यस्तो छ : “हिजो साँझमा सिपाईहरू र साहेबहरू हाम्रो सानीमाको टोलमा सबैलाई समात्छु भनेर आएका थिए, अनि डराएर सबै भागाभाग गरे । टोल जम्मै डढाएर खरानी पारिदिए” (पृ. २३३) । यसबाट कालावधिको अनुमान गर्न सहज हुन्छ किनभने यस कथाको प्रारम्भिक वर्णनमै समाख्याताले चुरे पडाहको दक्षिणतिरको बाटो हुँदै बस हिँडेको वर्णन गरेका छन् अनि भुन्टीको घर जान बाटो छोडेर पनि एक घण्टा उत्तरतिर हिँड्नुपरेको छ । भुन्टीको सानीमाको घर मात्र होइन, उसको आफ्नै टोल पनि त्यस रात खरानी भइसकेको दृश्य यस कथामा यसरी आएको छ :

> माझीटार छिचोल्नासाथ जुन दृश्य देखा पऱ्यो त्यो स्तब्धकारक थियो । हाम्रो अगाडि पच्चिस-तिस घर थिए । घर कहाँ थिए र ! डढेर कोइला बनेका काला खाँबाहरू र पिँढीका ढिस्काहरूबाट नै घरको सङ्ख्याको अनुमान हुन्थ्यो । कतै कोही थिएन । सम्पूर्ण टोलका घरहरू चिताझैँ हाम्रो सामु सजिएका थिए । (पृ. २३६)

उपर्युक्त कथांशमा सरकारले सुकुम्वासीको टोलै जलाएको सन्दर्भबाट यो कथा समसामयिक हो भन्ने पुष्टि हुन्छ । त्यसैले यो वर्तमान समयकै समस्या उठाउने र आफ्ना भोकानाङ्गा नेपाली जनताप्रति सरकारको चरम गैरजिम्मेवार क्रियाकलाप प्रस्तुत गर्ने वि.सं. २०४० को दशकको अन्त्यतिरकै कथा हो । त्यो अवधि भनेको बाहिरी रूपमा हेर्दा प्रजातान्त्रिक आन्दोलन भएर नयाँ नेपालको निर्माण हुने क्रममा रहेको तर भित्री रूपमा चाहिँ नेपाल पुँजीपति र टाठाबाठाको मात्र हुँदै गरेको अमानवीय समय हो भन्ने सङ्केत उपर्युक्त परिवेशले गरेको छ । त्यति हुँदाहुँदै पनि यो कथाको कालावधि भुन्टीको भविष्यको अन्योलसँग पनि जोडिएर परिकल्पित छ : “भुन्टीको भविष्य हेर्न म मनमनै नेपालको नक्सा पल्टाउँछु, कहाँ छ सखुबनी टोल ? कहाँ छ तातापानी ? एक्कासि हाम्रो थाप्लोमाथि हुचिल कराउन थाल्छ” (पृ. २३६) । स्थानसित जोडिएको कालावधिको साङ्केतिक विस्तार यसमा भएको छ । नेपालीको यही विडम्बनापूर्ण भविष्यनिर्देश गर्न सक्नु नै प्रस्तुत कथाको परिवेशको विशिष्टता हो ।

### अन्तराल

कथामा अन्तराल भन्नाले पात्रहरूले खेलेको भूमिकाको जम्माजम्मी अवधिलाई बुझिन्छ । कथाको प्रारम्भदेखि त्यसको निष्कर्षसम्म पुग्दा त्यसका घटनाशृङ्खलाले व्यतीत गरेको समयको

लम्बाइ हो । घण्टा, दिन, महिना, वर्ष, दशक, शताब्दी, सहस्राब्दी आदिको अन्तराल कथामा आउन सक्छ (म्याकी, सन् १९९७, पृ. ६८) । मनु ब्राजाकीको 'भुन्टीको भविष्य' कथामा समाख्याताद्वारा वर्णित मूल घटनाशृङ्खलाले एक दिनको लगभग ७-८ घण्टाको समय लिएको छ तर भुन्टी पात्रको स्मृतिमा आएको अघिल्लो रातको घटनाले भने त्यसमा दुई दिनको समय व्यतीत भएको देखिन्छ । एउटा दिनको बिहानबाट यो कथा यसरी प्रारम्भ भएको छ :

> बिहानको घाम अलकत्रे सडकमा फिँजिएको छ । पहेँलो घाम, चहकिलो घाम । कोचाकोच मानिसहरूको चमेना र डिजिलको मात खाएर यो बस ढुनमुनाउँदै कुद्दै छ । बसबाहिर, उत्तरतिर, लामो लामो अजिङ्गर जस्तो चुरे पनि विपरीत दिशातर्फ बिस्तारो घस्रिँदै छ । दक्षिणतिरको फाँटमा उभिएका मकैका असङ्ख्य बोटहरू धानचमरको पञ्जा हल्लाएर छिटो छिटो बिदा हुँदै छन् । एक छिनपछि बस अडियो । (पृ. २२९)

यसमा समाख्याताले वर्णन गरेअनुसार चहकिलो घाम लागेको बिहानको समयको स्पष्ट चित्र पाइन्छ र त्यो समय जेठअसारको हुन सक्ने सम्भावना पनि देखिन्छ किनभने त्यसमा जताततै मकैले धानचमर हालेको वर्णन आएको छ । त्यसै गरी यसमा "अन्ततः चार घण्टाको दौडपश्चात् म ओर्लिने ठाउँ आइपुग्छ । बस अडिन्छ.... म ब्याग काँधमा झुन्ड्याएर र बच्चीलाई डोऱ्याएर बसबाट ओलिन्छु" (पृ. २३२) भनी समाख्याताले बसको यात्रापछि भुन्टीलाई लिई हिँडेको प्रसङ्ग आएको छ । भुन्टीलाई उसकै घरमा पुऱ्याउन हिँडेको समाख्याताले बसबाट झरिसकेपछि भुन्टीको गाउँ पुग्न अझै एक घण्टा लाग्ने बताएको छ । अन्त्यमा उनीहरू एक घण्टामा भुन्टीको गाउँ पुगेर पूरै घरहरू जलेको देखेको सन्दर्भ आएको हुनाले यस कथामा पात्रहरूले व्यतीत गरेको समयको अन्तराल जम्माजम्मी पाँच घण्टाको छ ।

प्रस्तुत कथामा भुन्टीले आफू सानीमाको घरबाट भागेर बस चढ्नुको कारण बताएकी छ । समाख्याताले सानीमाको घरबाट भाग्नुको कारणबारे सोधेको प्रश्नको उत्तरमा ऊ भन्छे : "हिजो साँझमा सिपाईहरू र साहेबहरू हाम्रो सानीमाको टोलमा सबैलाई समात्छु भनेर आएका थिए.... म दिसा बस्न बारीमा गएकी थिएँ, रातभरि डरले त्यहीँ लुकेर बसेँ" (पृ. २३३) । अघिल्लो साँझमा सिपाही र साहेबहरूले भुन्टीकी सानीमाको गाउँ जलाएको र दिसा बस्न बाहिर निस्केकी भुन्टी रातभरि बारीमा लुकेर बिहानै त्यहाँबाट भागी बाटामा बस चढ्न आएको उपर्युक्त घटनावर्णनले 'भुन्टीको भविष्य' कथाले लिएको समय अघिल्लो साँझसम्म विस्तार हुन पुग्छ । यसबाट प्रत्यक्ष वर्णित र स्मृतिमा आएको गरी यस कथाले लगभग १७–१८ घण्टासम्मको अन्तराल समेटेको छ । समस्यामा केन्द्रित यस कथाका निम्ति यतिको समय उपयुक्त हो किनभने भुन्टीको गाउँ र सानीमाको गाउँ दुवैको वर्णनका कारण नै यसमा सरकारको ज्यादतीका कारण गरिब सुकुम्वासीहरूको जीवन तहसनहस भएको देखाउन कथाकारलाई सहज भएको छ ।

### अवस्थिति

कथामा अवस्थिति भनेको कुनै पात्रले क्रियाकलाप गर्ने ठाउँ र भौतिक परिस्थिति हो । यसको सम्बन्ध भौगोलिक अवस्था वा मानवीय रचनासित हुन्छ तर कहिलेकाहीँ भने यसले परिकल्पित परिस्थितिलाई पनि समेट्न सक्छ । अतः अवस्थितिले समग्र स्थानिकतामा कथाले लिएको

सीमित स्थानलाई बुझाउँछ (म्याक्की, सन् १९९७, पृ. ६९) । अवस्थितिका पनि दुई दुई पक्ष हुन सक्छन् : प्राकृतिक र मानवनिर्मित । यसले दिने अर्थलाई आधार बनाउँदा अवस्थितिलाई यथार्थ र साङ्केतिक गरेर पनि विभाजन गर्न सकिन्छ । मनु ब्राजाकीको 'भुन्टीको भविष्य' कथामा प्राकृतिक र मानवनिर्मित तथा यथार्थ र साङ्केतिक सबै प्रकारका अवस्थिति प्रयोग गरिएको छ ।

प्रस्तुत कथाको भौतिक अवस्थिति नेपालको तराई भाग हो । यसलाई बुझाउन कथाकारले त्यसको उत्तरतिर चुरे पर्वत दक्षिणतिर मकैको खेती सप्रेको फाँट देखाएका छन् । यो कथा यात्रामा केन्द्रित रहेकाले बाटो नै यसका पात्रहरू अडिने आधार हो । त्यसैले यसमा बाटो, गाडीलाई रोक्ने चौकी, यात्रीहरू उत्रने स्टप (बसबिसौनी) र बसबाट ओर्लेर हिँड्नुपर्ने गोरेटो बाटोले स्थलको काम गरेका छन् । त्यसमा पनि सखुबनी टोल भनेर आफ्नो गाउँठाउँको ठेगाना दिएको चाहिँ भुन्टीले नै हो र त्यसैका आधारमा समाख्याताले गरेको वर्णन यसरी आएको छ :

> बाघमारा पञ्चायतको सखुबनी टोल म ओर्लिने ठाउँभन्दा सडक छोडेर एक घण्टा उत्तरतिर हिँड्नुपर्थ्यो । त्यहाँ म कहिल्यै गएको छैन । सायद सडकबाट देखिने टाढाको चुरेको कुनै घाँचतिर पर्छ । म जान हिँडेको ठाउँ भने बसबाट ओर्लिने ठाउँभन्दा दक्षिणतिर दुई घण्टा हिँडेर मात्र पुग्न सकिन्छ । (पृ. २३१)

उपर्युक्त अंशमा आएको स्थानिकताको चित्रणबाट प्रस्तुत कथाको मोटामोटी क्षेत्र राजमार्गदेखि यताउति ५–७ किलोमिटरको दूरीमा रहेको अनुमान गर्न सकिन्छ । सखुबनीको अवस्थितिका बारेमा समाख्याता र भुन्टीका बिचको संवाद तथा समाख्याताको टिप्पणीबाट त्यस स्थानको अझै सूक्ष्म जानकारी प्राप्त हुन्छ :

> "बाघमाराभन्दा कता पर्छ सखुबनी टोल ?"
>
> "पच्छिमतिर, खोला किनारमा । जङ्गलनजिकै छ ।"
>
> "पहाड कहाँबाट आएका तिमीहरू ?"
>
> "तातापानी ।"
>
> "जिल्ला कुन हो ?"
>
> "कुन्नि ।"
>
> नेपालको पहाडी क्षेत्रमा यस्ता तातापानी र चिसापानी भन्ने ठाउँहरू असङ्ख्य छन् । कुन हो कुन्नि ? (पृ. २३४)

यसबाट भुन्टीको घरको अवस्थितिको सामान्य परिचय पाइए तापनि उसको परिवार आएको पहाडी स्थान भने स्पष्ट हुन सकेको छैन । उपर्युक्त अंशको अन्त्यमा समाख्याताको टिप्पणीअनुसार नेपालका सबैजसो पहाडी भागमा गरिबी, भोकमरी र वासस्थानको कमी जस्ता समस्या रहेकाले उनीहरू तराईतिर बसाइँ सर्ने गरेको कुरा यसरी स्पष्ट भएको छ : "आजीविकाको खोजीले कहाँबाट कहाँ पुऱ्याउने रहेछ । कुन तातोपानीबाट आएर कुन गरमपानीमा खोरिया फाँडेर

बस्नुपरिरहेछ । भोजनको खोजीले नै मानिसलाई विश्वभरि फिँजाइदियो" (पृ. २३५) । यसलाई सुवेदी (२०८०) ले पनि तथ्यगत रूपमा पुष्टि गरेका छन् ।

प्रस्तुत कथामा सखुबनी टोल जाने बाटो र भुन्टीको घर भएको ठाउँको अवस्था स्पष्टसँग देखाइएको छ जुन चुरे पहाडकै नजिक जङ्गलको बिचमा रहेको छ । तलका दुई चित्रणले यसबारे पाठकको मनमा कथामा पात्रहरूले हिँडेको बाटोको छविचित्र बनाइदिन्छन् :

> "इः अब यताबाट जान्छ हाम्रो टोल ।"
>
> देखेँ, बाघमारा जाने मूलबाटो छोडेर एउटा गोरेटो खोलातिर गएको रहेछ । चुरे अब सामुन्ने खडा छ– अजिङ्गरझैँ होइन, हात्तीझैँ । खोल्साखोल्सी ओर्लिँदै-उक्लिँदै हिँड्दै राख्यौँ हामी । (पृ. २३५)
>
> "ऊ त्यै हो ।" झुरुम्म ठडिएका बिस-पच्चिस वटा सखुवाका बोटहरूतिर औँल्याउँदै भन्छे, "यो खोल्सी ओर्लिएर अनि उक्लिएपछि आइहाल्छ नि । अगाडि पल्लो डिलमा माझीबारले छेकेको छ, नत्र यहीँबाट देखिने थियो ।" (पृ. २३६)

यसमा भुन्टीको गाउँ सखुबनी टोल पुग्ने बाटाको प्राकृतिक अवस्थिति चित्रण गरिएको छ । खोला, खोल्सा, जङ्गल, पहाड, डिल आदि नै प्राकृतिक अवस्थिति हुन् तर यसमा बस, बसभित्रको अवस्था, कालोपत्रे गरेको बाटो किसानले उमारेका मकैका बोट, जलाएका घर आदि मानवसिर्जनाको पनि अवस्था देखाइएको छ । बस र मकैका बोटलाई यसमा मानवीकरण गरेर बिम्ब बनाइएको छः "अपचले गर्दा बसले ठुलो स्वरमा झुसिलो डकार निकाल्यो र लरखराएर हिँड्न थाल्यो । दक्षिणी धानचमरका पञ्जाहरूले हात हल्लाए, अनि उत्तरी अजिङ्गर पनि उल्टो दिशातिर घस्रिन थाल्यो" ( पृ. २३१) । यसमा बसलाई अपच भएको, त्यसले झुसिलो डकार निकालेको र लरखराएर हिँडेको जस्ता चित्रणले बसले मानवीय अस्तित्व पाएर सक्रिय क्रियाकलाप गरेको देखिन्छ । त्यस्तै, धानचमरका पञ्जाले हात हल्लाउनु वा उत्तरी अजिङ्गर (चुरे पहाड) घस्रनु जस्ता वर्णनले पनि मानवीकरणको प्रक्रिया प्रदर्शन गरेर चित्रित परिवेशलाई प्रभावकारी बनाएका छन् । उपर्युक्त प्राकृतिक र मानवसिर्जनाले यथार्थ अवस्थितिको कलात्मक प्रतिनिधित्व गरेका छन् ।

'भुन्टीको भविष्य' कथामा साङ्केतिक रूपमा पनि अवस्थितिको प्रयोग भएको छ । यो प्रत्यक्ष रूपमा भौतिक रूप वर्णन नगरिएको तर कुनै संवाद, अनुमान वा सन्दर्भबाट सङ्केत गरेर पाठकलाई अवस्थितिको सूचना दिने एउटा तरिका हो । कतै मेलाहाट लागेको र बसका गाउँले यात्रीहरू बान्ता गर्दै त्यतैतर्फ लागेको सन्दर्भ देखाउँदै समाख्याताले मेलाको सम्भावित दृश्यको अवस्था यसरी वर्णन गरेको छ :

> आज त्यहाँ बोडरपारिबाट नौटङ्की आएको होला, कतै टिकटी चल्दै होला, कतै आलसको तेलमा बनेका पकवानको गन्ध बाक्लो गरी फिँजिएको होला, कतै सिसा जडेको बाकसमा गिलट र पित्तलका गहनाहरू सजिएका होलान्, कतै नटुवा कम्मर भाँचेर द्वैअर्थी अश्लील गीत गाउँदै होला, अनि कतै मेलाको घुइँचोमा एकान्त होला । जुन गाउँघरमा उपलब्ध छैन । (पृ. २२९–३०)

यसमा मेला भर्न जानेहरूको भिड, बसको धिमा गतिका कारण उनीहरूमा देखिने अधीरता, मेलाको क्रियाकलाप, मानवीय सम्बन्ध आदि देखाउँदा समाख्याताले मेलाको अवस्थितिको चित्र खिचेका हुन्। तराईको महोत्तरी जिल्लाको देहाती गाउँ औरहीमा जन्मेहुर्केका कथाकार मनु ब्राजाकीले सङ्केत गरेको मेलाको परिवेशको उपर्युक्त साङ्केतिक चित्रणले पाठकमा संवेदनशीलता सिर्जना गर्ने सामर्थ्य राख्छ।

**द्वन्द्वको तह**

कथामा द्वन्द्व भनेको मानवीय, प्राकृतिक वा सांस्कृतिक शक्तिहरूको आपसी तानातानी हो। कथामा द्वन्द्वको तहले चाहिँ परिवेशको सामाजिक एवम् सांस्कृतिक तहको मानवीय आयामको प्रतिनिधित्व गर्छ। द्वन्द्वका तह दुईओटा हुन्छन् : बाह्य र आन्तरिक। बाह्य तहले पक्षविपक्षको वा संस्थागत द्वन्द्व र आन्तरिक तहले व्यक्तिभित्रको चिन्तनको द्वन्द्व बुझाउँछ। मनु ब्राजाकीको 'भुन्टीको भविष्य' कथामा द्वन्द्वको बाह्य तहलाई केन्द्रमा राखिएको छ जुन प्रमुख रूपमा सुकुम्वासी टोल र सरकारका बिच चलेको छ। यस प्रकारको द्वन्द्वको अभिव्यक्ति भुन्टीको सानीमाको टोलमा र भुन्टीको आफ्नै टोलमा गरी दुई स्थानमा भएको देखिन्छ। नेपालका विभिन्न भूभागबाट बसाइ सरी तराईका चुरे पहाडको घाँचमा खोरिया खनेर जीवननिर्वाह गर्ने सपना देखेका गरिबहरूका विरुद्ध सरकारको प्रतिनिधित्व गर्ने संस्थागत निकायका सिपाही र साहेबहरूको ज्यादती उनीहरूले जलाएर खरानी बनाएका सुकुम्वासी बस्तीको अवस्थाले देखाउँछ। भुन्टीको सानीमाको टोलमा साँझ प्रवेश गरेकाहरूले आतङ्क सिर्जना गर्नु अनि डराएर सबै भागाभाग गर्नु, टोल जम्मै डढाएर खरानी बनाउनु, दिसा बस्न बारीमा गएकी एउटी ९–१० वर्षकी बच्ची रातभर बाहिरै लुकेर बस्नु र भोलिपल्ट बिहान पनि कोही लिन नआएपछि बाटामा बस कुरेर ऊ एक्लै घरतिर लाग्नुपर्ने परिस्थितिको सिर्जना हुनु (पृ. २३३) त्यही द्वन्द्वका परिणाम हो। त्यसै गरी यो द्वन्द्वको पराकाष्ठा त्यस बेला देखिन्छ जुन बेला समाख्यातासित उत्साहका साथ आफ्नो टोल देखाउन लागेकी भुन्टीले आफ्नो टोल काला ठुटाहरूमा रूपान्तरित पाउँछे। उक्त दृश्य र उसको संवेदनालाई यस कथाका समाख्याताले यसरी वर्णन गरेका छन् :

> माझीबार छिचोल्नासाथ जुन दृश्य देखा पऱ्यो त्यो स्तब्धकारक थियो। हाम्रो अगाडि पच्चिस-तिस घर थिए। घर कहाँ थिए र ! डढेर कोइला बनेका काला खाँबाहरू र पिँढीका ढिस्काहरूबाट नै घरको सङ्ख्याको अनुमान हुन्थ्यो। कतै कोही थिएन। सम्पूर्ण टोलका घरहरू डढेका चिताझैँ हाम्रोसामु सजिएका थिए। र त्यहाँ मसानघाटझैँ चकमन्नता थियो।
>
> मभन्दा चार कदमअगाडि भुन्टी उभिएकी छे।
>
> "भुन्टी !"
>
> ऊ मतिर फर्केर हेर्छे। उसका आँखाबाट निःशब्द आँसु बगिरहेछ।
>
> "यो... ?"
>
> "हो काका... !" ऊ एउटा डढेको चितातिर औँल्याउँछे। (पृ. २३६)

यसमा आफ्नो घर खरानी भएको देखेपछि भुन्टीको शारीरिक-मानसिक अवस्थाको चित्र खिचिएको छ। गरिब जनताप्रति सरकारको गैरजिम्मेवारीपनको क्रियाकलाप यसले देखाउँछ र गरिबका सन्तानहरूको बिचल्लीपूर्ण अवस्था प्रदर्शन गर्छ। त्यसैले रोइरहेकी भुन्टीलाई अँगालो मारेर कथाको अन्तिम वाक्यमा समाख्याता भन्छन्– "लाग्छ, नितान्त एक्लिएकी नेपाल आमा रोइरहेकी।" यसमा समाख्याताले अनुभूत गरेको द्वन्द्वको संवेदनशील तहलाई आन्तरिकीकरण गर्ने कथाकारको शिल्प निकै प्रखर देखिन्छ।

प्रस्तुत कथामा बसको कन्डक्टरको बर्बरता र यात्री भुन्टीको अनुनयका बिच पनि बाह्य द्वन्द्व प्रकट भएको छ। पैसा नभएरै बस चढेर घर पुग्न खोज्ने भुन्टी र पैसा नभए नचढाउने अड्डी लिएको कन्डक्टरका बिचको द्वन्द्वमा बसका अरू यात्रीले भुन्टीको पक्ष लिएको देखिन्छ तर कन्डक्टरले ढोकाबाट घचेटेर भुन्टीलाई बसबाहिर निकाल्न लागेको अवस्थामा मात्र समाख्याताले पैसा तिरिदिने वचन दिएर भुन्टीलाई आफूसितै बसाएको छ। यस द्वन्द्वको पुष्टि तलको संवादबाट हुन्छ :

> "ए उतर, भिडमा मर्छेस् रे छौँडी। पैसा छ ?" कन्डक्टरको हप्काउँदो स्वर।
>
> "पैसा छैन, दाजु। म घर जान्छु– मलाई चढ्न देऊ न।"
>
> मसिनो र ओइलाएको अनुनयपूर्ण बालस्वर सुनिन्छ। मेला जान हतारिएकाहरू समवेत स्वरमा चिच्याउँछन्, "चढाइदे-चढाइदे यो नानीलाई। आमाबाबु हिँडे होलान् अघिल्लो बसमा मेला हेर्न, यो छुटी होली।"
>
> "पैसा कसले दिन्छ नि ? फोकटको गाडी हो यो ?"
>
> क्रुद्ध जनावरझैँ कन्डक्टर च्याँट्ठिन्छ। (पृ. २३०)

यसमा एकातिर भुन्टीको निरीह आवाज छ भने अर्कातिर कन्डक्टरको आवाज भने क्रुद्धताले भरिएको छ। भुन्टीले "चढ्न देऊ न काका, म घर जान्छु" भनेर कारुणिक स्वरमा साइनो लगाएर अनुरोध गर्नु तर कन्डक्टरले कर्कशताका साथ "हुँदैन, नचढ्। धर्म गरेर बस चल्छ ?" भन्नुले यसमा बाह्य द्वन्द्वको अभिव्यक्ति निकै तीव्रताका साथ अभिव्यञ्जित भएको देखाउँछ। यो दानवीय क्रूरता अलिकति हुनेखानेले गरिब तथा बालबालिकाप्रति गर्ने व्यवहारको नमुना हो र वर्गीयताको विडम्बनापूर्ण अभिव्यक्ति पनि हो। आन्तरिक द्वन्द्वको प्रबलता नभए पनि बाह्य द्वन्द्वका व्यक्तिगत र संस्थागत तहहरूले 'भुन्टीको भविष्य' कथालाई सामाजिक, आर्थिक र चिन्तनगत रूपमा गहन बनाएका छन्।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा मनु ब्राजाकीको 'भुन्टीको भविष्य' कथामा प्रयुक्त परिवेशका विभिन्न आयामहरूलाई घटनाशृङ्खला, पात्र, समाख्याता, द्वन्द्व र विचारधाराको प्रभावकारितासित जोडेर मूल्याङ्कन गरिएको छ। यस कथामा आएको परिवेशले पाठकलाई पात्रका क्रियाकलाप हुने समय र स्थानको कार्यपीठिका प्रदान गरी कथाका पात्रका सामाजिक-सांस्कृतिक प्रभाव, अनभूति, निर्णय र द्वन्द्वको समष्टिलाई सारवस्तुप्रति गहन अन्तर्दृष्टि दिने काम गरेको छ। 'भुन्टीको भविष्य' कथाले

समेटेका परिवेशका चार आयामहरूमध्ये दुईओटा कालावधि र अन्तराल समयसित जोडिएका छन् । प्रस्तुत कथाको कालावधिले २०४० सालको दशकको अन्त्यतिरको समयलाई समेटेको छ जसमा पहाडबाट बसाइँ सरेर तराईमा आई जीविकोपार्जन गर्ने गरिब बस्तीको कारुणिक अवस्था चित्रण गरिएको छ । जनसङ्ख्या चलायमान भई जिल्लाहरूको स्रोतसाधनमा तीव्रतासाथ भइरहेको परिवर्तन तथा जनताको आकाङ्क्षा र सरकारी व्यवस्थाबिचको व्यापक असन्तुलनलाई यसले सङ्केत गरेको छ । अन्तरालका रूपमा यस कथाले प्रत्यक्ष र स्मृति गरी जम्मा १६–१७ घण्टाको सीमित समय प्रयोग गरेको छ जसबाट दृश्यात्मकताको योजना र अनुभवको विस्तार सफल हुन पुगेको छ । यसमा प्रयुक्त स्थानिक आयामका रूपमा रहेको अवस्थितिले कथाको यात्रागत आधार बसभित्रको बिम्ब बनाएको छ भने दुईओटा बस्ती सरकारको अकर्मण्यताका कारण जल्नुपरेको यथार्थ प्रस्तुत गरेको छ । भौगोलिक, प्राकृतिक, सामाजिक अवस्थाबारे समाख्याताको विस्तारपूर्वक चित्रणका कारण यसमा कथानक र पात्रको अनुबन्धन कसिलो देखिन्छ । यसमा प्रयुक्त बाह्य द्वन्द्वले कथाको विचारधारा प्रकट गरेको छ जसमा कथाकारले गरेको खलपात्र र बालपात्रको चयन तथा प्रतिनिधित्व अर्थपूर्ण रहेको पाइन्छ किनभने यसले भुन्टीको जलेको घर र टोलका आधारमा नेपालको भविष्य द्वन्द्वमा जाने जटिल स्थिति देखाएको छ । यसको कारणका रूपमा धनी र गरिबका बिचको बढ्दो आर्थिक असमानताको अवस्थालाई लिइएको छ र सरकारी निकायको गैरजिम्मेवारीले त्यसमा खास भूमिका खेलेको देखिन्छ । व्यक्ति र व्यवसायबिच मानवीय सेवाको नभई पुँजीको सम्बन्ध मात्र रहेको समाज यसमा सिर्जना भएको छ जसले संवेदनाको ह्रास भई समाज सांस्कृतिक-वैचारिक रूपमा पतनतिर जान थालेको सङ्केत पनि गर्दछ । समग्रमा मूल्याङ्कन गर्दा ‘भुन्टीको भविष्य’ कथामा परिवेशका चारै ओटा आयामको कुशलतापूर्वक आयोजना गरेर कथाकार मनु ब्राजाकीले यस कथालाई नेपालको समसामयिक समस्यासित परिचित गराउन, सांस्कृतिक मूल्यको विघटन हुने परिस्थिति चित्रण गर्न र पात्रको मानवीय संवेदनाका गहनताबाट नेपालको द्वन्द्वमय भविष्यको परिकल्पना प्रस्तुत गरी कथाभरि नै गम्भीर व्यङ्ग्यात्मक वातावरण सिर्जना गर्न सफल भएका छन् ।

## सन्दर्भ सामग्रीसूची


कोइराला, कुमारप्रसाद (२०५८). *नेपाली आख्यानको अध्ययन.* वाणी प्रकाशन ।

गौतम, कृष्ण (२०५६). *रचनाको रोमाञ्च.* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

नेपाल, घनश्याम (सन् १९८७). *आख्यानका कुरा.* नेपाली साहित्य प्रचार समिति ।

बरई, त्रिभुवन (सन् २०२३). भुन्टीको भविष्य कथामा सीमान्तीयता. *भैरहवा क्याम्पस जर्नल,* ६ (१–२). पृ. १३८–१५२ ।

बराल, कृष्णहरि (२०७८). *कथा सिद्धान्त विगतदेखि वर्तमानसम्मका कथासृजनाका परिप्रेक्ष्यमा* (दोस्रो संस्क.). एकता बुक्स प्रा.लि. ।

ब्राजाकी, मनु (२०७३). भुन्टीको भविष्य. *जनजीवनका जीवनगाथा* (ले. मनु ब्राजाकी). साङ्ग्रिला पुस्तक प्रा.लि., पृ. २२९–२३६ ।

मोर्ली, डेभिड (सन् २०१०). *द क्याम्ब्रिज इन्ट्रडक्सन टु क्रियटिभ राइटिङ* (रिप्रिन्टिड). क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

म्याकी, रोबर्ट (सन् १९९७). *स्टोरी : सब्स्ट्यान्स, स्ट्रक्चर, स्टायल, यान्ड द प्रिन्सिपल्ज अफ स्क्रिनराइटिङ.* रेगन बुक्स ।

रिबो, इग्नासी (सन् २०२१). *प्रोज फिक्सन यान इन्ट्रोडक्सन टु द सेमियोटिक्स अफ न्यारेटिभ.* ओपन बुक पब्लिकेसन ।

श्रेष्ठ, दयाराम (२०७०). *नेपाली कथा र कथाकार.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०७९). *कथा दर्शन.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

सुवेदी, झलक (२०८० चैत १२). बसाइँसराइ र तराईमा भूमिसम्बन्धी द्वन्द्व. *नेपाल रिडर्स.* वेब. http://www.neplareaders.com/migration-and-land-comflict-in-the-terai/